वनगाड कुपिण्डे नगरपालिका

# स्थानिय राजपत्र

सभाबाट पारित मिति : २०७९/०३/११

खण्डः ४ संख्याः ५ प्रमाणीकरण मितिः२०७९/०३/१२

भाग-१

वनगाड कुपिण्डे नगरपालिका

# वनगाड कुपिण्डे नगरपालिकाको आर्थिक ऐन, २०७९

**प्रस्तावना**

वनगाड कुपिण्डे नगरपालिका सल्यानको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी काम कारवाहीलाई नियमित गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न तथा समय सापेक्ष करका दरहरु थपघट गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(घ) बमोजिम वनगाड कुपिण्डे नगरसभाले यो ऐन बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "वनगाड कुपिण्डे नगरपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि वनगाड कुपिण्डे नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **सम्पत्ति कर** : नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाईने र असूल उपर गरिने छ ।

३. **भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिने छ । सम्पत्ति कर लगाईएको जग्गामा भूमि कर लगाईने छैन ।

४. **घरजग्गा बहाल कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा बहाल रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाईने र असूल गरिनेछ ।

५. **व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाईने र असूल गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूचि (४) बमोजिमको कर लगाईने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर र बाटो इजाजत दस्तुर लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर** : नगरपालिका क्षेत्रभित्र लिइने मनोरञ्जन कर अनुसूचि (७) बमोजिम लगाईने छ । तर, प्रदेश कानून स्वीकृत भई लागु भएमा सोही बमोजिम हुनेछ ।

१०. **बहाल विटौरी शुल्क** : नगरपालिका आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसारका भवन वा ऐलानी जग्गामा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याप्टिङ्ग शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र न्याप्टिङ संचालन गरेवापत अनुसूची (१०) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ । ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग र जिपफ्लायर सेवा वा व्यवसाय संचालन गरे बापत नगर कार्यपालिकाले तोके बमोजिमको शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर** : नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लेखित सिफारिस प्रमाणित, अनुमती दस्तुर, स्थानीय पूर्वाधार, शिक्षा सेवा शुल्क, पशुपंक्षी उपचार सेवा शुल्क तथा संघ संस्था लगायत उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१४. **नक्सापास दस्तुर** : मापदण्ड पुगेका घर निर्माणमा नक्सापास दस्तुर अनुसूचि (१२) बमोजिम लाग्नेछ ।

१५. **पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट पर्यटन शुल्क अनुसुची (१३) मा तोकेबमोजिमको शुल्क लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कानून बनाई कर छुट दिन सकिनेछ ।

१७. **कर तथा शुल्क संकलन कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१८. **दण्ड सजाय** : (१) नगरपालिकाले ठेकेको वा लगाएको कर, दस्तुर, शुल्क, महशुल तथा असूल गर्न बाँकी अन्य कुनै रकम व्यक्तिले नबुझाएमा नगरपालिकाले देहाय बमोजिम कारबाही गर्न सक्नेछ ।

(क) यस ऐन बमोजिम उठाउन पाउने कर, दस्तुर, शुल्क तथा असूल गर्न बाँकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा त्यस्तो व्यक्तिको चल अचल सम्पत्तीको स्वामित्व हस्तान्तरण रोक्का गर्न

सम्बन्धित निकायलाई लेख्न, व्यापार व्यवसायमा सिलबन्दी तथा तालाबन्दी गर्न र निकासी पैठारी लगाएतका कारोबार रोक्का गर्न र कालो सूचीमा राख्न सक्नेछ ।

(ख) नगरपालिकाले यस ऐन बमोजिम उठाउन पाउने रकम खण्ड (क) बमोजिम सम्बन्धित व्यक्तिको घर, जग्गा, कारोबार वा जायजेथा रोक्का गर्दापनि उठ्न नसकेमा नगरपालिकाले निजको घर, जग्गा, कारोबार वा अन्य कुनै जेथा भए सो लिलाम बिक्रि गरि असुल गर्न सक्नेछ ।

(ग) यस ऐन अन्तरगतको काम कारोबारको सिलसिलामा कुनै ठेकेदारले राखेको धरौटी वा जमानत सो कार्य गर्न नसकेको अवस्थामा नगरपालिकाले त्यस्तो धरौटी जफत गरि वा जमानत लिलाम विक्रि गरि असुल उपर गरिनेछ ।

तर, जफत वा लिलाम विक्रि गरि प्राप्त हुन आएको रकम त्यस्तो व्यक्तिले नगरपालिकालाई बुझाउनुपर्ने रकम भन्दा बढि हुन आएमा बढि भएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

(२) उपदफा १ को खण्ड (ख) वा (ग) बमोजिम नगरपालिकाले लिलाम विक्रि गर्दा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(३) यस ऐन बमोजिम तिर्नु बुझाउनुपर्ने कर, दस्तुर, शुल्क, महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम नबुझाएमा नगरपालिकाले उपलब्ध गराएको सेवा त्यस्तो व्यक्तिको हकमा बन्द गर्नसक्नेछ ।

१९. **विविध** : कृषि, पशु, सहकारी, शिक्षा, घरेलु जस्ता अन्य विषयगत कार्यालयबाट हुने कार्यको सेवा शुल्क दस्तुर उल्लेख भएमा सोहि बमोजिम र नभएमा साविकमा यी विषयतग कार्यालयले लिँदै आएको दस्तुर शुल्क लाग्नेछ ।

यस ऐनमा नसमेटीएका र अन्य कानूनसँग नबाझिने गरि कर दस्तुर शुल्कको दररेट राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय तथा स्वीकृत कार्यविधीको मापदण्ड बमोजिम हुनेछ ।

अनुसुची - १
(दफा २ सँग सम्वन्धित)
<u>**सम्पत्ती कर**</u>

**घर जग्गा करको दर :**

यस नगरपालिका भित्र घर जग्गा करको रकम घरको प्रकार अनुसारको दर र घरले चर्चेको जग्गाको मालपोत मूल्यांकनका आधारमा हुन आउने रकमको योगफल बराबर हुनेछ । देहाय बमोजिमको क्षेत्र तथा घरको बर्गिकरण अनुसार घर कर र मालपोत कार्यालय सल्यानको अ.व. २०७९।०८० को मूल्यांकनका आधारमा घर जग्गा कर निम्न प्रतिशत हुने गरी तोकिएको छ ।

**बजार क्षेत्र :**

सल्लीबजार, बालुवा सग्रही, रैकर ,देवस्थल, लाई क वर्ग
ढोरपिपल , बावबयाचौर, जयतपानी, सुनौली बजार, नाथेखोला, शखंपिपल , गर्चे, औलबेशि,लाई ख वर्ग
र अन्य ग्रमिण क्षेत्रलाई ग वर्ग

| क.सं. | घरको प्रकार र क्षेत्र | दर रु | घरले चर्चेको जग्गाको कर |
|---|---|---|---|
| १ | एक तले कच्ची घर क वर्ग<br>ख वर्ग<br>ग वर्ग | १००।-<br>५०।-<br>२५।- | सडकले छोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०५% ले हुन आउने रकम र सडकले नछोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०४% ले हुन आउने रकम |
| २ | दुई तले कच्ची घर क वर्ग<br>ख वर्ग<br>ग वर्ग | १५०।-<br>१००।-<br>५०।- | सडकले छोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०५% ले हुन आउने रकम र सडकले नछोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०४% ले हुन आउने रकम |
| ३ | एक तले पक्की ४ कोठासम्म क वर्ग<br>ख वर्ग<br>ग वर्ग | २००।-<br>१५०।-<br>१००।- | सडकले छोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०५% ले हुन आउने रकम र सडकले नछोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०४% ले हुन आउने रकम |
| ४ | एक तले पक्की ४ कोठाबढि क वर्ग<br>ख वर्ग<br>ग वर्ग | २५०।-<br>१७५।-<br>१२५।- | सडकले छोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०५% ले हुन आउने रकम र सडकले नछोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०४% ले हुन आउने रकम |
| ५ | दुई तले पक्की ४ कोठासम्म क वर्ग<br>ख वर्ग<br>ग वर्ग | ३००।-<br>२००।-<br>१५०।- | सडकले छोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०५% ले हुन आउने रकम र सडकले नछोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०४% ले हुन आउने रकम |
| ६ | दुई तले पक्की ४ कोठा बढि क वर्ग<br>ख वर्ग<br>ग वर्ग | ३५०।-<br>२७५।-<br>२२५।- | सडकले छोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०५% ले हुन आउने रकम र सडकले नछोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०४% ले हुन आउने रकम |

| | | | |
|---|---|---|---|
| ७ | तिन तले पक्की ८ कोठा बढि क वर्ग<br>ख वर्ग<br>ग वर्ग | ५५०।-<br>४५०।-<br>३५०।- | सडकले छोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०५% ले हुन आउने रकम र सडकले नछोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०४% ले हुन आउने रकम |
| ८ | तिन तले पक्की १२ कोठा बढि क वर्ग<br>ख वर्ग<br>ग वर्ग | ६५०।-<br>५५०।-<br>४००।- | सडकले छोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०५% ले हुन आउने रकम र सडकले नछोएकोमा जग्गाको मालपोत मूल्यांकनको ०.०४% ले हुन आउने रकम |

अनुसुची -२
(दफा ३ संग सम्वन्धित)

**भूमि (मालपोत) कर :**

मालपोत कार्यालय सल्यानको आ.व. २०७९/०८० को जग्गाको मालपोत मूल्यांकनको ०.०३% ले हुन आउने रकम बराबर भूमि कर (मालपोत) लाग्नेछ ।
साथै प्रत्येक आर्थिक वर्षभित्र कर नतिरेमा तिर्नुपर्ने कर रकममा १० प्रतिशतका दरले जरिवाना समेत लाग्नेछ ।

अनुसुची -३

(दफा ५ संग सम्वन्धित)

## व्यवसाय कर :

| संकेत | व्यवसायको विवरण | आ.व. २०७९/०८० को स्वीकृत दर |
|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | |
| | चार पांग्रे गाडी मर्मत | ५००० |
| | मोटरसाइकल मर्मत | ३००० |
| | विद्युतीय उपकरण मर्मत | १२०० |
| | टायर पञ्चर टाल्ने र टायरमा हावा भर्ने | १५०० |
| | सवारी साधन धुने | १००० |
| | साईकल, कुकर, पंखा, छाता, स्टोभ आदि मर्मत | १००० |
| २. | **स्वास्थ्य सेवातर्फ** | |
| | अस्पताल | १०००० |
| | नर्सिङ होम | ६००० |
| | एक्सरे, ल्याब सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | ५००० |
| | डाक्टरको सेवा नभएको मेडिकल पसल, औषधि पसल | २००० |
| | सर्जिकल सामान बेच्ने पसल | १५०० |
| | बैद्य खाना तथा अन्य ल्याब, क्लिनिक | २००० |
| ३. | **शिक्षा सेवा तर्फ** | |
| | निजीस्तरबाट संचालित चाईल्ड केयर तथा मोन्टेश्वरी | १५०० |
| | आधारभुत तहसम्मका निजी विद्यालय | ३००० |
| | मा.वि. तहका निजी विद्यालय | ४००० |
| | तालिम तथा अनुसन्धान केन्द्र | २००० |
| | टाईपिङ, कम्प्युटर तथा प्रशिक्षण केन्द्र | १५०० |
| ४. | **संचार सेवा तर्फ** | |
| | साइवर तथा इमेल इन्टरनेट, रेडियो पेजिङ आदि | १५०० |
| | फोन, फ्याक्स, फोटोकपि | १००० |
| | रिचार्ज कार्डको डिलर | २००० |
| | कुरियर सेवा | १००० |
| | एफ.एम. रेडियो | ५००० |
| | नेपाल टेलिकम बाहेकका टेलिफोन सेवा संचालक | ३००० |
| | केवल नेटवर्क, इन्टरनेट सेवा प्रदायक | २००० |
| ५. | **छपाई तथा प्रकाशन** | |

| | | |
|---|---|---|
| | अफसेट प्रेस | ३००० |
| | साधारण प्रेस | २५०० |
| ६. | **वित्तीय सेवा तर्फ** | |
| | नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक केन्द्रिय स्तरका वाणिज्य बैंकहरुको शाखा कार्यालय | १०००० |
| | विकास बैंकका शाखा कार्यालय | ६००० |
| | वीमा कम्पनी शाखा कार्यालय | ५००० |
| | लघु वीत्त संस्थाहरु/वित्तीय कम्पनीहरु | ५००० |
| | बचत तथा ऋण सहकारी संस्था | २००० |
| | अन्य सहकारी संस्थाहरु | १००० |
| ७. | **होटल, लज तथा रेष्टुरेन्ट (पर्यटन उद्योग)** | |
| | लजिङ, फुडिङ, AC सहितको सुविधा भएको | ३००० |
| | सामान्य खालको होटल | २००० |
| | ट्राभल्स एवं टुरीजम एजेन्सी | ३००० |
| ८. | **चिया नास्ता तथा चाट पसल** | |
| | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | १५०० |
| | मिष्ठान्न भण्डार रहितको चिया नास्ता पसल | १२०० |
| | चाट पसल | ५०० |
| ९. | **चुनचाँदी पसल** | |
| | “क” श्रेणीको | ३००० |
| | “ख” श्रेणीका | २५०० |
| | “ग” श्रेणीका | २००० |
| १०. | **मदिरा पसल** | |
| | थोक विक्री पसल | १०००० |
| | मध्ययम खालको पसल | ७००० |
| | ग्रामिण क्षेत्रको खुद्रा विक्री पसल | ५००० |
| ११. | **मासु पसल** | |
| | एक भन्दा बढि आइटम राखी मासु बेच्ने पसल | २००० |
| | राँगा, खसी वा वंगुरमध्ये कुनै एकको मात्र मासु बेच्ने | १५०० |
| | माछा, कुखुरा, हाँस तथा पंक्षीको मासु बेच्ने | १२०० |
| १२. | **मेटल वर्कशप** | |
| | क श्रेणी (ग्रील, सटर, आल्मुनियम निर्माण तथा थोक विक्रेता | ४००० |
| | ख श्रेणी (सामान्य ग्रील विक्री तथा मर्मत | ३५०० |
| १३. | **स्टील, काठ फर्निचर, कार्पेट विक्रेता** | |
| | क श्रेणी (उद्योग सहित थोक विक्रेता) | ३५०० |

| | | |
|---|---|---|
| | ख श्रेणी (खुद्रा विक्रेता) | ३००० |
| १४. | **तरकारी तथा फलफुल पसल** | |
| | थोक पसल | १२०० |
| | खुद्रा पसल | १००० |
| | घुम्ती पसल | ५०० |
| १५. | **मिल तथा घट्ट** | |
| | सेलार, होलर मिल | ३५०० |
| | पानी मिल | २००० |
| | पानीघट्ट | १००० |
| १६. | **किराना तथा खाद्य पसल** | |
| | थोक सहितको किराना तथा खाद्य पसल | ३००० |
| | क श्रेणीको खाद्य तथा किराना पसल | २००० |
| | ख श्रेणीको खाद्य तथा किराना पसल | १५०० |
| | ग श्रेणीको खाद्य तथा किराना पसल | १२०० |
| | सामान्य घुम्ती पसल | ५०० |
| १७. | **काँचो कपडा, रेडिमेट फेन्सी तथा जुत्ता चप्पल पसल** | |
| | क श्रेणीको पसल | ३००० |
| | ख श्रेणीको पसल | २००० |
| | ग श्रेणीको पसल | १५०० |
| १८. | **टेन्ट हाउस** | |
| | उच्च स्तरको टेन्ट हाउस | ५००० |
| | सामान्य स्तरको टेन्ट हाउस | ३००० |
| १९. | **प्लाष्टिकजन्य पसल** | |
| | क श्रेणीको | २००० |
| | ख श्रेणीको | १५०० |
| | ग श्रेणीको | १२०० |
| २०. | **इलेक्ट्रोनिक्स पसल** | |
| | कम्प्युटर, ल्याप्टप बेच्ने पसल | २००० |
| | मोबाईल बेच्ने पसल | १५०० |
| | घडी, रेडियो मात्र बेच्ने पसल | १२०० |
| | विद्युत सामग्री पसल | १२०० |
| २१ | **सवारी साधन विक्रीमा** | |
| | चार पाँग्रे गाडी सोरुम तथा विक्रीमा | १०००० |
| | तिन पाँग्रे गाडी सोरुम तथा विक्रीमा | ८००० |
| | मोटरसाईकल/स्कुटर सोरुम तथा विक्रीमा | ५००० |

| | | |
|---|---|---|
| | साईकल विक्रीमा | २००० |
| | अटोमोवाईल्सका पाटपुर्जामात्र बेच्ने पसल | २००० |
| २२ | **भाँडा पसल** | |
| | क श्रेणीको | २००० |
| | ख श्रेणीको | १५०० |
| | ग श्रेणीको | १२०० |
| २३. | **कृषि तथा पशु फर्म** | |
| | कुखुरा पालन फर्म | ५०० |
| | बाख्रा/भेडा पालन फर्म | ५०० |
| | वंगुर पालन फर्म | ५०० |
| | तरकारी फर्म | ४०० |
| | जडिबुटि फर्म | १५०० |
| | अन्य फर्म | ५०० |
| २४. | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | क श्रेणीको | २००० |
| | ख श्रेणीको | १५०० |
| | ग श्रेणीको | १२०० |
| २५. | **निर्माण सामग्री, हार्डवेयर, शिसा पसल** | |
| | क श्रेणीको | ५००० |
| | ख श्रेणीको | ४५०० |
| | ग श्रेणीको | ४००० |
| २६. | **फोटो स्टुडियो** | |
| | कलरल्याब, फ्लेक्स प्रिन्ट सहितको पसल | १५०० |
| | कलर ल्याब नभएको पसल | १२०० |
| २७ | **शैलुन तथा ब्युटी पार्लर** | |
| | क श्रेणीको | २००० |
| | ख श्रेणीको | १५०० |
| | ग श्रेणीको | १२०० |
| २८. | **टेलर** | |
| | क श्रेणीको | २००० |
| | ख श्रेणीको | १५०० |
| | ग श्रेणीको | १२०० |
| २९ | **एग्रोभेट पसल** | |
| | थोक पसल | १५०० |
| | खुद्रा पसल | १२०० |

| | | |
|---|---|---|
| ३०. | **डिलर तथा डिष्टिब्युटर्स** | |
| | मदिरा, वियर जस्ता मादक पदार्थको डिलर | १०००० |
| | चुरोट, बिंडिजस्ता धुम्रपानमा | ५००० |
| | पेट्रोल पम्प | १०००० |
| | नुन र मट्टितेलको डिलर | २००० |
| | खाना पकाउने LP ग्याँसको डिलर | २००० |
| | अन्य डिलरमा | २००० |
| ३१. | **चुरा पोते/कस्मेटिक पसल** | |
| | क श्रेणीको | २००० |
| | ख श्रेणीको | १५०० |
| | ग श्रेणीको | १२०० |
| | सामान्य घुम्ती पसल | ५०० |
| ३२. | **चस्मा पसल** | |
| | चिकित्सक सेवा सहितको | २००० |
| | चिकित्सक सेवा रहितको | १२०० |
| ३३. | **औधोगिक कारखाना तथा उद्योगहरुमा** | |
| | डेरी उद्योग | २००० |
| | काठ चिरान मिल | २५०० |
| | क्रसर उद्योग | १०००० |
| | दाना उद्योग | २००० |
| | पाउरोटी, बेकरी उद्योग | २००० |
| | चाउमिन उत्पादन उद्योग | २००० |
| | सोलार व्यवसाय | २५०० |
| | जडिबुटि बिक्री तथा प्रशोधन | ३००० |
| | खसी बोका संकलन तथा बिक्री केन्द्रमा | २००० |
| | मुभि हाउस | २००० |
| | ठुला उद्योग | १०००० |
| | मझौला उद्योग | ७००० |
| | साना उद्योग | ५००० |
| | अन्य घरेलु उद्योग | १५०० |
| ३४. | **मेला महोत्सव शुल्क** | न.पा.को स्वीकृत कार्यविधि बमोजिम |

व्यवसाय कर प्रत्येक आर्थिक वर्षभित्र तिरीसक्नुपर्नेछ। प्रत्येक आर्थिक वर्षभित्र कर नतिरेमा तिर्नुपर्ने कर रकमको २० प्रतिशतका दरले जरिवाना समेत लाग्नेछ।

व्यवसायको श्रेणी निर्धारण देहायबमोजिम कुल पुँजीको आधारमा निर्धारण गरिएको छ ।

| निर्माण सामग्री, हार्डवयर, शिसा, सुनचाँदी पसलमा | अन्य पसलमा |
|---|---|
| ग श्रेणी रु. २००००००।- सम्म | ग श्रेणी रु. ५०००००।- सम्म |
| ख श्रेणी रु. २०००००० देखि रु. ५०००००० सम्म | ख श्रेणी रु. ५००००० देखि रु. १५००००० सम्म |
| क श्रेणी रु. ५०००००० भन्दा माथि | क श्रेणी रु. १५००००० भन्दा माथि |

अनुसुची -४

(दफा ६ संग सम्वन्धित)

## जडिबुटी, जिवजन्तु तथा कवाडी कर

| क.सं. | कर योग्य सामान | ईकाइ | दर रु मा | कैफियत |
|---|---|---|---|---|
| १ | ऊन | के.जी. | -।७० (सत्तरी पैसा) | |
| २ | खोटो | के.जी. | ०।८० (असी पैसा) | |
| ३ | जडिबुटी | के.जी. | १०।- | |
| ४ | प्वाख | के.जी. | ३०।- | |
| ५ | छाला | गोटा | २५।- | |
| ६ | हाड | के.जी. | ५।- | |
| ७ | बनकस | क्विन्टल | ७०।- | |
| ८ | कवाडी | क्विन्टल | ७०।- | |

अनुसूची ५
(दफा ७ सँग सम्बन्धित)

## सवारी साधन कर

| सवारी साधनको किसिम | बार्षिक कर रु. |
|---|---|
| टेम्पो, अटो रिक्सा | सवारी कर रु २००० <br> बाटो इजाजत (चौमासिक) दस्तुर रु. २०० |
| रिक्सा, टाँगा, गाडा, ठेला | सवारी कर रु. २०० <br> बाटो इजाजत (चौमासिक) दस्तुर रु. ५० |

अनुसुची ६

(दफा ८ संग सम्वन्धित)

## विज्ञापन कर :

| क.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउमा राखिएको होडिङवोर्ड भित्तेलेखन आदिमा प्रतिवर्ग फुट | ६०।- |
| २ | तुल, व्यानर आदिमा एक पटकको लागि प्रतिवर्ग फुट | २५।- |

अनुसूची ७

(दफा ९ सँग सम्बन्धित)

## मनोरञ्जन कर

मनोरञ्जन कर संघीय तथा प्रदेश कानूनले तोकेबमोजिम हुनेछ ।

अनुसूची ८

(दफा १० सँग सम्बन्धित)

**वहाल विटौरी शुल्क**

| क्र.स. | शिर्षक | करको वार्षिक दर रु |
|---|---|---|
| १ | छिन्चु जाजरकोट सडक खण्डमा बनेका घरले ओगटेको जग्गामा प्रति ऐलानी प्रतिवर्गफिट | १० |
| २ | छिन्चु जाजरकोट सडक खण्डमा बनेका घरले ओगटेको जग्गामा सात नम्बर ऐलानी प्रतिवर्गफिट | ८ |
| ३ | छिन्चु जाजरकोट सडक खण्डमा बनेका घरले ओगटेको बाहेकको जग्गा तथा सडक भन्दा बाहिरका घरमा ऐलानी जग्गामा प्रतिवर्गफिट | ४ |
| ४ | बालुवा संग्रही खलंगा सडक खण्डमा बनेका घरले ओगटेको जग्गामा प्रति ऐलानी प्रतिवर्गफिट | ५ |
| ५ | बालुवा संग्रही खलंगा सडक खण्डमा बनेका घरले ओगटेको बाहेकको ऐलानी जग्गामा प्रतिवर्गफिट | ३ |
| ६ | सल्ली चौरजहारी सडक खण्डमा बनेका घरले ओगटेको जग्गामा प्रति ऐलानी प्रतिवर्गफिट | ५ |
| ७ | सल्ली चौरजहारी सडक खण्डमा बनेका घरले ओगटेको बाहेकको प्रति ऐलानी जग्गामा प्रतिवर्गफिट | ३ |
| ८ | वडा नं. ७ मैदुपोखरीमा बनेका घरले ओगटेको ऐलानी जग्गामा प्रतिवर्गफिट | ५ |
| ९ | अन्य क्षेत्रका ऐलानी जग्गामा घर बनाएकोमा प्रति ऐलानी प्रतिवर्गफिट | २ |
| १० | नगरपालिकाको स्वामित्व भएको र न.पा. आफैले निर्माण गरेको भवनमा लाग्ने शुल्क | सम्झौता बमोजिम |

अनुसूची ९

(दफा ११ सँग सम्बन्धित)

**पार्किङ शुल्क (प्रति दिनको)**

| क.स. | सवारी साधनको नाम | शुल्क रु. |
|---|---|---|
| १. | बस, ट्रक, हेभि गाडिमा | १००।- |
| २. | हाइस, मिनि बस, ट्याक्टर | ८०।- |
| ३. | जीप, कार, भ्यान | ५०।- |
| ४. | अटो रिक्सा, टेम्पो | ३०।- |
| ५. | मोटरसाइकल, स्कुटर | २०।- |

अनुसूची १०

(दफा १२ सँग सम्बन्धित)

**<u>र्‍याफ्टिङ्ग शुल्क (प्रति दिनको)</u>**

कुपिण्डे तालमा र्‍याफ्टिङ्ग गरेबापत प्रति व्यक्ति रु. १५०। शुल्क तिर्नुपर्नेछ ।

कुपिण्डे तालमा संचालित डुङ्गाले प्रति डुङ्गा मासिक रु. ५००। नगरपालिकालाई राजस्व तिर्नुपर्नेछ ।

अनुसूची ११
(दफा १३ सँग सम्बन्धित)
**<u>सेवा शुल्क दस्तुर</u>**

**१. सिफारिस दस्तुर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | नागरिकता सिफारिस | निशुल्क |
| २ | अङ्गिकृत नागरिकता सिफारिस | ५००। |
| ३ | भारत जाने सिफारिस | १५०। |
| ४ | अन्य मुलुक जाने सिफारिस | १५००। |
| ५ | नाम/जन्ममिति सम्वन्धी संशोधन/एउटै भएको सिफारिस | २५०। |
| ६ | विधुत तथा धारा जडान सिफारिस | ३००। |
| ७ | उद्योग /व्यावसाय दर्ताको लागि सिफारिस | ५००। |
| ८ | अस्थायी /स्थायी वसोवास प्रमाणित सिफारिस | ५००। |
| ९ | कोर्ट फि मिनाहा सिफारिस/विपन्न विधार्थी छात्रवृति सिफारिस | निशुल्क |
| १० | नावालक परिचय पत्र सिफारिस | ५०। |
| ११ | व्यापार व्यवसाय नभएको/संचालन नभएको सिफारिस | ५००। |
| १२ | उद्योग ठाँउसारी सिफारिस | ५००। |
| १३ | विद्यालय ठाँउसारी सिफारिस | ८००। |
| १४ | पशु चौपाया सम्वन्धी सिफारिस | २००। |
| १५ | नागरिकता प्रतिलिपि सिफारिस | ५००। |
| १६ | व्यक्तिगत विवरण सिफारिस | २००। |
| १७ | संरक्षक (व्यक्तिगत संस्थागत) सिफारिस | २००। |
| १८ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस (साविक बाटोमा) | ५००। |
| १९ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस (प्लानिङ्ग बाटोमा) | मालपोत मूल्यांकनको ०.५प्रतिशत |
| २० | नक्सापास नामसारी सिफारिस | ५००। |
| २१ | विधुत नामसारी /धारा नामसारी सिफारिस | २००। |
| २२ | पक्कि घर निर्माणका लागि काठपात ल्याउने सिफारिस | १०००। |
| २३ | कच्ची घर निर्माणका लागि काठपात ल्याउने सिफारिस | ७००। |
| २४ | अङ्ग्रेजिमा सिफारिस दिनुपर्दा थप | ५००। |
| २५ | छुट जग्गा नामसारी /जग्गा दर्ता सिफारिस | ५००। |

| | | |
|---|---|---|
| २६ | संस्था दर्ता सिफारिस | ५००। |
| २७ | विधालय संचालन स्वीकृति / कक्षा वृद्वि | १०००। |
| २८ | दलित जनजाति सिफारिस | २००। |
| २९ | मोही लगत कट्टा सिफारिस | ५००। |
| ३० | निशुल्क स्वास्थ्य उपचार/अपाङ्ग सिफारिस | निःशुल्क |
| ३१ | जिवित रहेको सिफारिस | २००। |
| ३२ | व्यवसाय वन्द सिफारिस | ५००। |
| ३३ | चारित्रिक सिफारिस/छात्रवृति सिफारिस | ५००। |
| ३४ | जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि सिफारिस/ पुर्जामा घर कायम गर्ने सिफारिस | ५००। |
| ३५ | घरबाटो सिफारिस | २००। |
| ३६ | अन्य सिफारिस दिनुपरेमा | ३००। |

२. **आयश्रोत प्रमाणित** :आयश्रोत प्रमाणित गर्दा प्रमाणित गरिने आयश्रोत निम्न बमोजिम हुन आउने रकम प्रमाणित दस्तुर लाग्नेछ ।

| सि.नं. | विवरण | रकम रु |
|---|---|---|
| १ | २ लाख सम्मको लागि | ०.२५ % |
| २ | २ लाख १ देखि १० लाख सम्मको लागि | ०.३ % |
| ३ | १० लाख १ देखि २० लाख सम्मको लागि | ०.३५ % |
| ४ | २० लाख १ देखि ४० लाख सम्मको लागि | ०.४ % |
| ५ | ४० लाख १ देखि माथि | ०.५ % |

**३. अचल सम्पत्ति मूल्यांकन :**

प्रति हजार रु १ लाग्नेछ ।

४. **प्रमाणित दस्तुर :**

| सि.नं. | जग्गाको किसिम /क्षेत्र | पहिलो कित्ता | थप प्रति कित्ता |
|---|---|---|---|
| १. | चारकिल्ला प्रमाणित | | |
| क. | राजमार्ग जोडिएको जग्गा | ५००। | १००। |
| ख. | कच्ची ग्रावेल जिल्ला सडकसंग जोडिएको जग्गा | ४००। | १००। |
| ग. | शाखा सडकसंग जोडिएको जग्गा | ३००। | १००। |
| घ. | गोरेटो बाटोसंग जोडिएको जग्गा | २५०। | १००। |
| ङ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित | २००। | १००। |

| | | | |
|---|---|---|---|
| २. | नाता प्रमाणित | दुई जनाविच | प्रतिव्यक्ति थप |
| क. | जिवितसंग | २००। | ५०। |
| ख. | मृतकसंग | २००। | ५०। |

**५. व्यक्तिगत घटना दर्ता दस्तुर :**

व्यक्तिगत घटना दर्ता दस्तुर संघीय कानूनमा तोकेबमोजिम हुनेछ ।

**६. सेवा शुल्क (प्रत्येक पटकको) :**

| सि.नं. | विवरण | रकम रु |
|---|---|---|
| १ | उजुरी दायर | १००। |
| २ | घर खालि गर्ने | ३००। |
| ३ | साध सिमाना छुट्याउने पहिलो कित्ताको लागि | २५००। त्यसपछि प्रतिकित्ता थप १०००। |

**७. भाडा तथा वहालबाट आय :**

क) आ.व. २०७९।०८० मा व्याकहोलोडर प्रतिघण्टा रु १२००। (ईन्धन कार्यालयले व्यहोर्ने छैन) ।

ख) आ.व. २०७९।०८० मा मिनि टिप्परको प्रस्तावित भाडा तपसिल बमोजिम हुनेछ ।

| सि.नं | स्थान, क्षेत्र | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | सल्लीवजार वरपरको क्षेत्र | १५००। (प्रतिटिप) | ईन्धन कार्यालयले व्यहोर्ने छ । |
| २. | सुनौली ,वालुवासग्रही | २०००। (प्रतिटिप) | ईन्धन कार्यालयले व्यहोर्ने छ । |
| ३ | ढोरपिपल, धारापानी ,रैकर, च्युरा नाथेखाला | २५००। (प्रतिटिप) | ईन्धन कार्यालयले व्यहोर्ने छ । |
| ४. | गर्चे तथा अन्य क्षेत्र | ३५००। (प्रतिटिप) | ईन्धन कार्यालयले व्यहोर्ने छ । |
| ५ | एकमुस्ट रुपमा १ दिनको | ६०००। | ईन्धन कार्यालयले व्यहोर्ने छैन । |

ग) आ.व. २०७९।०८० मा कार्यालयको स्वामित्वमा रहको सभाहल प्रयोग गरेमा हल भाडा प्रतिदिन रु १०००।

घ) आ.व. २०७९।०८० मा कार्यालयको स्वामित्वमा रहको प्रोजेक्टर प्रयोग गरेमा प्रोजेक्टर भाडा प्रतिदिन रु ५००।

८. आ.व. २०७९।०८० मा “घ”वर्गको निर्माण व्यवसायीको ईजाजत प्रमाणपत्र नया दर्ता रु १०,०००। दस्तुर लाग्नेछ । साथै तपसिल बमोजिमको दिनमा तपसिलको नविकरण शुल्क लाग्नेछ :

| सि.नं. | विवरण | रकम रु |
|---|---|---|
| १ | आर्थिक वर्षको ३५ दिन भित्र | ५०००। |
| २ | आर्थिक वर्षको ३५ दिन देखि ३ महिना सम्म | ५५००। |
| ३ | आर्थिक वर्षको ३ महिना देखि ६ महिना सम्म | ६०००। |
| ४ | आर्थिक वर्षको ६ महिना देखि ९ महिना सम्म | ६५००। |
| ५ | आर्थिक वर्षको ९ महिना देखि १२ महिना सम्म | ७०००। |
| ६ | आर्थिक वर्ष समाप्त भएपछि | ८०००। |

९. आ.व. २०७९।०८० मा गैर सरकारी सघं संस्था, सामुदायिक वन समुह तथा अन्य सगंठित संघ संस्था दर्ताको लागि रु १०००। लाग्नेछ । साथै साथै नविकरणको लागि रु ५००। लाग्नेछ ।

१०. आ.व. २०७९।०८० मा कृषि तथा पशु समूह दर्ताको लागि रु १५०। लाग्नेछ र समूह नविकरणको लागि रु १००। लाग्नेछ ।

११. यस नगरपालिका क्षेत्रभित्र बाट ढुङ्गा, गिट्टी, बालुवा, विक्री वितरण शुल्क प्रदेश कानूनमा तोकेबमोजिम हुनेछ ।

**१२. पशुपंक्षीको उपचार सेवा शुल्क**

| सि.नं. | विवरण | रकम रु |
|---|---|---|
| १ | भेडा बाखाको उपचार सेवा शुल्क प्रति गोटा | ५ |
| २ | गाई भैंसीको उपचार सेवा शुल्क प्रति गोटा | १० |
| ३ | सम्पूर्ण पशुको गोबर, पिसाप, रगत, दुध ल्याब परीक्षण गरेको प्रति गोटा | २० |
| ४ | बोकालाई बन्ध्याकरण गरेको | २० |
| ५ | साँढेलाई बन्ध्याकरण गरेको | ५० |
| ६ | कुखुरा लगायतका पंक्षीहरुको उपचार सेवा शुल्क प्रति गोटा | १ |
| ७ | सुंगुर बंगुरको उपचार सेवा शुल्क प्रति गोटा | १० |
| ८ | कुकुरको उपचार सेवा शुल्क प्रति गोटा | ५० |
| ९ | घोडा/खच्चडको उपचार सेवा शुल्क प्रति गोटा | २० |
| १० | कुकुरलाइ रेबिज खोप लगाएको | १०० |

१२.अन्य विविध आय :

| सि.नं. | विवरण | रकम रु |
|---|---|---|
| १ | प्रतिलिपि/ विवरण संशोधन | १००। |
| २ | नक्सापास निवेदन फाराम विक्रि | ५००। |
| ३. | घर निर्माण सम्पन्न प्रमाण पत्र | ५००। |
| ४. | गाउँ ब्लक जग्गा नामसारी प्रतिफुट | १००। |
| ५ | विधुत महशुल (न.पा.को पसल कवलमा प्रयोग गरे वापत प्रति युनिट | १०। |
| ६ | टेण्डर फाराम दरभाउ पत्र विक्रि | नियमानुसार |
| ७ | सर्जमिन मुचुल्का(नागरिकता बाहेक) जुनसुकैमा | ३००। |
| ८ | कन्सुलर प्रमाणित शुल्क | १५०। |
| ९ | पसल कवोल भाडा | साझौता अनुसार |
| १० | हाटकर ठेक्का | साझौता अनुसार |
| ११ | नक्सा तयारी तथा डिजाईन गर्नेको सुचीकृत गर्ने कार्य | ७५००। |
| १२ | अन्य सुचीकृत गर्ने कार्य | १०००। |
| १३ | सडक तथा नाला मर्मत संभार शुल्क घरधनीसंग एकपटक नक्सा पास गर्दा | ५००। |
| १४ | मेला महोत्सव लगाएतका कार्यक्रम गर्दा सरसफाई वापत प्रतिदिनको | २०००। |

अनुसूची ११
(दफा १४ सँग सम्बन्धित)
**नक्सापास दस्तुर**

**क) आवासीय भवन :**

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तला रु | भूई तला -प्रतिवर्ग फिट) रु | पहिलो तला -प्रतिवर्ग फिट) रु | दोस्रो तला -प्रतिवर्ग फिट) रु | तेस्रो तला र से भन्दा माथि -प्रतिवर्ग फिट) रु |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको | ४।- | ५।- | ६।- | ७।- | ८।- |
| २ | ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेन्ट वालुवाको गारो, आर.सि.सि. को छाना भएको | - | ४।- | ५।- | ६।- | - |
| ३ | सिमेन्टको जोडाईमा ढुङ्गा वा ईट्टा वा ब्लकको गारो जस्ता वा टायलको छाना भएको | - | ३।- | ४।- | - | - |
| ४ | पटाहाको घेरावेरा लगाएतका कच्ची भवन | - | १।- | १।- | - | - |

**ख) अर्ध व्यावसायिक भवन :**

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तला रु | भूई तला -प्रतिवर्ग फिट) रु | पहिलो तला -प्रतिवर्ग फिट) रु | दोस्रो तला -प्रतिवर्ग फिट) रु | तेस्रो तला र से भन्दा माथि -प्रतिवर्ग फिट) रु |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको | ५।- | ५।५० | ६।- | ७।- | ८।- |
| २ | ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेन्ट वालुवाको गारो, आर.सि.सि. को छाना भएको | - | ५।- | ५।५० | ६।- | - |
| ३ | सिमेन्टको जोडाईमा ढुङ्गा वा ईट्टा वा ब्लकको गारो जस्ता | - | ४।- | ४।५० | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वा टायलको छाना भएको | | | | | |
| ४ | पटाहाको घेरावेरा लगाएतका कच्ची भवन | - | २।- | २।५० | - | - |

ग) व्यापारिक भवन :

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तला रु | भूई तला -प्रतिवर्ग फिट) रु | पहिलो तला -प्रतिवर्ग फिट) रु | दोस्रो तला -प्रतिवर्ग फिट) रु | तेस्रो तला र से भन्दा माथि -प्रतिवर्ग फिट) रु |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको | ६।- | ७।- | ८।- | ९।- | १०।- |
| २ | ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेन्ट वालुवाको गारो - आर.सि.सि. को छाना भएको | - | ६।- | ७।- | ८।- | - |
| ३ | सिमेन्टको जोडाईमा ढुङ्गा वा ईट्टा वा ब्लकको गारो जस्ता वा टायलको छाना भएको | - | ४।- | ५।- | - | - |

घ) कम्पाउण्ड वाल :

| सि.नं. | कम्पाउण्ड वालको प्रकार | प्रति रनिङ्ग फिट रु |
|---|---|---|
| १ | सिमेन्ट जोडाईको कम्पाउण्ड वाल | २।- |
| २ | माटो जोडाईको कम्पाउण्ड वाल | १।- |
| ३ | तारवारको कम्पाउण्ड वाल | ०।५० |

नोट : (१) मिति २०७९।०४।०१ भन्दा अगावै निर्माण सम्पन्न भएका घर तथा भवनहरुको अभिलेखीकरण गर्दा उक्त भवनको नक्सापास दस्तुरमा लाग्ने दस्तुरको ६० प्रतिशत हुन आउने रकम लाग्नेछ ।

**दण्ड जरिवाना :**

क) भवन नयाँ निर्माण

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५ प्रतिशत |
| २ | डि.पि.सी.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५ प्रतिशत |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५० प्रतिशत |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५ प्रतिशत |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १०० प्रतिशत |

नोट : उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनेछ ।

**(ख) भवन तला थपमा :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५० प्रतिशत |
| २ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५ प्रतिशत |
| ३ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १०० प्रतिशत |

नोट : उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनेछ ।

(ग) अन्य दण्ड जरिवाना सम्वन्धित कानुनमा तोकिए बमोजिम हुने ।

## अनुसुचि १२
(दफा १५ सँग सम्बन्धित)

यस नगरपालिकाको पर्यटकीय स्थल कुपिण्डे दहमा देहायअनुसारको शुल्क लाग्नेछ ।
कुपिण्डे दह प्रवेशमा नेपाली नागरिक प्रतिव्यक्ति : रु १०।
कुपिण्डे दह प्रवेशमा विदेशी नागरिक प्रतिव्यक्ति : रु १००।
भेडाको टाउको प्रति के.जि. रु. २५०।